प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

# सुदूरपश्चिम प्रदेश आयोजना छनौट सम्बन्धी मापदण्ड, २०७६

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

आर्थिक मामिला तथा योजना मन्त्रालय

धनगढी, कैलाली, नेपाल

# सुदूरपश्चिम प्रदेश आयोजना छनौट सम्बन्धी मापदण्ड, २०७६

**<u>प्रस्तावना:</u>** जनचाहना र आवश्यकता बमोजिम प्रदेश सरकारले सञ्चालन गर्ने विकास तथा अन्य आयोजनाहरुलाई वर्गीकरण र प्राथमिकीकरण गरी स्रोत सुनिश्चितता सहित कार्यान्वयनयोग्य बनाई पारदर्शिता, जवाफदेहीता, वित्तीय सुशासन, जनसहभागिता सुनिश्चित गर्दै समावेशी र समानुपातिक बांडफांड गरी सन्तुलित विकासका लागि उचित आयोजना छनौटको मापदण्ड निर्धारण गर्न बाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्याविधि बनाएको छ ।

## परिच्छेद - १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम " प्रदेश आयोजना छनौट सम्बन्धी मापदण्ड, २०७५" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्दछ।

(ख) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्दछ ।

(ग)"कार्यालय" भन्नाले योजना कार्यान्वयन गर्ने निकाय सम्झनु पर्दछ ।

(घ)"विषयगत मन्त्रालय" भन्नाले प्रदेश योजना छनौट तथा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी भएका प्रदेश सरकारका विषयगत मन्त्रालय सम्झनु पर्दछ।

(ङ)"आयोजना" भन्नाले प्रदेशको विकासको लागि कुनै विषयको क्षेत्रमा निश्चित अवधि भित्र खास उद्देश्य र लक्ष्य प्राप्तिको लागि संचालन गरिने योजना वा आयोजना वा परियोजनालाई सम्झनु पर्दछ।

## परिच्छेद - २

## <u>आयोजनाको वर्गीकरण, प्राथमिकीकरण र छनौट</u>

३. **<u>आयोजना वर्गीकरणका आधारः</u>** आयोजना कार्यान्वयनबाट प्रदेश विकासका विविध क्षेत्र र पक्षमा पुग्ने योगदान र कायम गर्नुपर्ने सन्तुलन समेतको आकलन एवं मूल्यांकन गर्न आयोजनाको छनौट गर्नुपूर्व विषयगत क्षेत्र, विकासको आयाम, आवश्यकताको सिद्धान्त, समानुपातिक बांडफांड, लाभान्वित क्षेत्र र खर्चको स्रोत समेतका आधारमा **अनुसूची -१** मा उल्लेख भए बमोजिम आयोजनाको वर्गीकरण गर्नु पर्नेछ ।

४. **<u>आयोजनाको प्राथमिकीकरणः</u>** (१) आयोजनालाई **अनुसूची -२** बमोजिम विषयगत क्षेत्रको आधारमा विभाजन गर्नु पर्नेछ ।

(२) आयोजना प्राथमिकीकरणका सामान्य र क्षेत्रगत आधारहरु देहाय बमोजिम हुनेछन्ः

**(अ) <u>सामान्य आधारः</u>**

(क)प्रदेशको तीब्र, दीगो र फराकिलो आर्थिक वृद्धिमा पुऱ्याउने योगदान,

(ख)प्रादेशिक प्राथमिकता एवम् तुलनात्मक लाभको क्षेत्रमा पुऱ्याउने योगदान,

(ग) दीगो विकासको समग्र लक्ष्य हासिल गर्न पुऱ्याउने सहयोग,

(घ) प्रदेश सरकारको नीति तथा कार्यक्रममा पुऱ्याउने सहयोग,

(ङ) सामाजिक समावेशीकरण र लैंगिक मूल प्रवाहीकरणलाई तिब्र बनाउन योगदान पुऱ्याउने,

(च) पूर्व तयारी पूरा र स्रोतको सुनिश्चितता,

(छ)आयोजनाले लाभ पुऱ्याउने भौगोलिक क्षेत्र ।

(आ) <u>**क्षेत्रगत आधारः**</u>

(क) आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्ति पुग्ने योगदान,

(ख) दीगो विकासमा क्षेत्रगत लक्ष्य प्राप्तिमा पुग्ने योगदान ।

(३) आयोजनालाई छनौट गर्नुपूर्व सो आयोजनालाई सामान्य र क्षेत्रगत आधारमा **अनुसूची -३** बमोजिम प्राथमिकीकरणका लागि मूल्यांकन गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम आयोजना प्राथमिकीकरणका सामान्य र क्षेत्रगत आधारको मूल्यांकन **अनुसूची -** ४ मा उल्लेख भएबमोजिम गरी ७५ वा सो भन्दा बढी अंक प्राप्त गर्नेलाई पहिलो प्राथमिकता (P1) र ७५ भन्दा कम अंक प्राप्त गर्नेलाई दोस्रो प्राथमिकता (P2) आयोजनाको रुपमा उल्लेख गर्नु पर्नेछ।

**५.** <u>**आयोजना प्रस्ताव र विश्लेषण**</u>: (१) मातहत कार्यालयहरुले तयार गरेको आयोजना प्रस्ताव निर्देशनालयमा र निर्देशनालयले तयार गरेको आयोजना प्रस्ताव तथा विश्लेषण तालुक मन्त्रालयमा आयोजना विश्लेषण तथा मूल्यांकनको लागि पेश गर्नु पर्नेछ ।

(२) विषयगत मन्त्रालयले आफैले तयार गरेको तथा उपदफा (१) बमोजिम प्राप्त आयोजना प्रस्तावको विश्लेशण गरी आवधिक योजनाको लक्ष्य, उद्देश्य, सरकारको नीति तथा कार्यक्रम अनुकुल भएका आयोजनाहरु मात्र प्रदेश स्तरीय परियोजना बैंकमा समावेश गर्नको लागि मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) विषयगत मन्त्रालयले उपदफा (२) बमोजिम प्रदेश स्तरीय परियोजना बैंकमा समावेश गर्नुपूर्व आयोजना विश्लेषण देहायका आधारमा गरेको हुनु पर्नेछः

(क) आयोजनाको आवश्यकता र औचित्यताको विश्लेषण,

(ख) आयोजनाको लागत लाभ विश्लेषण,

(ग) आयोजनाको प्राविधिक विश्लेषण,

(घ) आयोजनाको वातावरणीय विश्लेषण,

(ङ) आयोजनाको कानुनी पक्षको विश्लेषण,

(च) आयोजनाको समानुपातिक विश्लेषण ।

६. **<u>आयोजना छनौटः</u>** (१) आयोजनाबाट पुग्ने योगदानको यथार्थ र बस्तुगत सूचकको आधारमा मूल्यांकन गरी मन्त्रालयले तोकेको मार्गदर्शनको आधारमा आयोजनाको छनौट गर्ने जिम्मेवारी विषयगत मन्त्रालयको हुनेछ।

(२) उपदफा (१) बमोजिम आयोजना छनौटको लागि आधार तथा सूचकको मूल्यांकन गर्न **अनुसूची -३** बमोजिम फारमको प्रयोग गरी अति उतम, उत्तम, सामान्य र न्यून देखिएका आधार तथा सूचकका लागि छुट्टा छुट्टै अङ्क भार प्रदान गर्नु पर्नेछ ।

(३) आयोजना छनौट गर्दा पहिलो प्राथमिकताका आयोजनालाई विशेष महत्व दिनु पर्नेछ ।

(४) दोस्रो प्राथमिकतामा परेका आयोजना छनौट भई आएमा स्रोत सुनिश्चित गर्न मन्त्रालय बाध्य हुनेछैन ।

(५) आयोजना वा कार्यक्रम छनौट गर्दा यस मापदण्डमा उल्लेख भएका अन्य विषयका अतिरिक्त देहायका पक्षलाई विशेष ध्यान दिनु पर्नेछः-

(क) जिल्लागत तथा तहगत समानता कायम गर्नु पर्नेछ,

(ख) एकै प्रकृतिका आयोजनाहरुको लागि अन्तर-निकाय समन्वय गरेर मात्र आयोजना छनौट गर्नु पर्नेछ,

(ग) नयाँ आयोजना तयार गर्दा लागत तथा समयको दोहोरोपना हटाउन सोही स्थान, उद्देश्य र प्रयोजनमा संघीय सरकार र स्थानीय तहले बजेट विनियोजन गरे नगरेको एकीन गर्नु पर्नेछ,

(घ) नयाँ आयोजना स्वीकृत भए पश्चात अन्तर तह समन्वयको माध्यामबाट आयोजनाको दोहोरोपना नियन्त्रणको लागि संघको विषयगत मन्त्रालय र सम्बन्धित स्थानीय तहलाई जानकारी दिनु पर्नेछ,

(ङ) साधन, स्रोत, समय र क्षमताले भ्याउने गरी उपयुक्त संख्यामा मात्र आयोजना छनौट गर्नु पर्नेछ,

(च) न्यून संचालन खर्च र अधिक भौतिक उपलब्धी हुने आयोजनाहरु प्रस्ताव गर्नु पर्नेछ,

(छ) प्रदेश सरकारबाट बजेट विनियोजन भई भौतिक र वित्तीय प्रगति राम्रो रहेका आयोजनालाई निरन्तरता दिने गरी आयोजना प्रस्ताव गर्नु पर्नेछ ।

(६) प्रदेशले संचालन गर्ने पूर्वाधार विकास आयोजनाको न्यूनतम लागत देहायको तालिकामा उल्लेख भए बमोजिम भएको हुनुपर्नेछः-

| सि.नं | क्षेत्र/उपक्षेत्र | आयोजनाको न्यूनतम लागत (रु.) |
|---|---|---|
| १. | सडक | २० लाख |
| २. | सिँचाई सतह (तराई) | १ करोड |
| | सिँचाई सतह (पहाड) | २० लाख |
| | सिँचाई भूमिगत | ५० लाख |
| | सिँचाई नयाँ प्रविधि | २० लाख |
| ३. | शिक्षा सम्बन्धी भौतिक पूर्वाधार | २० लाख |
| ४. | खेलकूद सम्बन्धी भौतिक पूर्वाधार | १० लाख |
| ५. | स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधार | २० लाख |
| ६. | प्रदेशको एकल अधिकार क्षेत्र भित्रका अन्य भौतिक पूर्वाधार | १० लाख |

(७) उपदफा (६) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि देहायका आयोजनाको हकमा न्यूनतम लागत सीमा लागु हुनेछैन :-

(क) एउटै आ.व. मा सम्पन्न हुने गरी क्रमागत आयोजनाको लागि,

(ख) चालु प्रकृतिका गोष्ठी, तालिम, अभिमुखीकरण जस्ता कार्यक्रमका लागि,

(ग) विपद जोखिम न्यूनीकरण सम्बन्धी आयोजनाको लागि,

(घ) २०० मिटर भन्दा लामो स्पानका झोलुङ्गे पुलका लागि,

(ङ) प्रदेश सरकारका विषयगत मन्त्रालय अन्तरगतका कार्यालयबाट आफै निर्माण गरिने पूर्वाधारजन्य आयोजना एवम् अनुदान प्रदान गरिने अन्य कार्यक्रमहरु।

(८) प्रदेश सरकारका निकायहरुबाट संचालन गरिने उपदफा (६) र (७) मा उल्लेख भए बमोजिम बाहेकका आयोजना तथा कार्यक्रमको लागि बजेट विनियोजन गर्न मन्त्रालय बाध्य हुनेछैन।

(९) देहायका शर्तहरु पूरा नभएका आयोजनाहरु छनौट गर्न पाइने छैनः-

(क) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट दिइएको बजेट सीमा भित्र नपर्ने र स्रोतको सुनिश्चितता नभएका आयोजना,

(ख) पर्याप्त पूर्वतयारी नभएका आयोजना तथा कार्यक्रम,

(ग) संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट सञ्चालित आयोजना वा कार्यक्रमसँग दोहोरो पर्ने कार्यक्रम तथा आयोजना

तर क्रमागत कार्यक्रम तथा आयोजनामा स्रोत अभाब भई आयोजना अपुरो हुने भएमा मन्त्रालयको पूर्व स्वीकृति लिई त्यस्ता आयोजना प्रस्ताव गर्न सकिनेछ ।

(घ) माथि जुनसुकै कुरा लेखिएको भएतापनि समपूरक र विशेष अनुदानबाट संचालित आयोजना वा कार्यक्रम छनौट गर्दा समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ अनुसार गर्नुपर्नेछ ।

(१०) विषयगत मन्त्रालयले आयोजना छनौट गर्दा सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ को दफा (९) बमोजिमको सहभागितामूलक पद्धतिको अवलम्बन एवम् विधि र प्रक्रिया समेतलाई अनुसरण गर्नुपर्नेछ ।

(११) वार्षिक कार्यक्रममा समावेश भएको आयोजनाको चौमासिक विभाजन सहित प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २१ को उपनियम (१) बमोजिम यसै मापदण्डको **अनुसूची-५** को ढाँचामा कार्यक्रम स्वीकृत गर्नु पर्नेछ ।

(१२) आयोजना छनौटको अन्तिम स्वीकृति प्रदान गर्दा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ को उपनियम (१) बमोजिम आयोजनाको रूपरेखा, आयोजनाको कुल लागत अनुमान, लागत व्यहोरिने स्रोत, आयोजनाबाट प्राप्त हुने प्रतिफल, आयोजनाको आर्थिक विश्लेषण, आयोजना कार्यान्वयन र खर्च तालिका, आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने जनबल एवम् प्रमुख निर्माण सामग्री र आयोजना सञ्चालन प्रस्ताव **अनुसूची -६** बमोजिम पेश गरी निर्णय गर्नु पर्नेछ ।

## परिच्छेद ३

## विविध

७. **स्रोत व्यवस्थापनः** प्रदेश सरकारको वार्षिक विकास कार्यक्रम बाहिर परेका वा स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएका तर विनियोजित बजेट खर्च नगरी सोही कार्यक्रममा थप बजेट माग गरेमा सो उपलब्ध गराउन मन्त्रालय बाध्य हुनेछैन ।

८. **कार्यक्रम छनौटमा समेत लागु हुनेः** प्रदेश सरकारले संचालन गर्ने आयोजनाका अतिरिक्त कार्यक्रम छनौट सम्बन्धमा समेत यो मापदण्ड लागु हुनेछ ।

९. **मापदण्डको स्पष्टता र थप मापदण्ड निर्धारणः** (१) यस मापदण्डमा भएको व्यवस्थामा कुनै दुबिधा उत्पन्न भएमा सोको स्पष्टता मन्त्रालयले गरे अनुरुप हुनेछ ।

(२) यस मापदण्डसंग नबाझिने गरी मन्त्रालयले आयोजना छनौट सम्बन्धमा थप मापदण्ड निर्धारण गर्न सक्नेछ ।

(३) आयोजना मूल्यांकनको लागि यस मापदण्डमा निर्धारण गरिएका आधारहरुको अतिरिक्त विषयगत मन्त्रालयले मूल्यांकनको लागि उपयुक्त सूचकहरुको विकास गरी प्रयोग गर्न सक्नेछन ।

(४) आयोजनाको प्राथमिकीकरण गर्ने सम्बन्धमा अंक गणनाको नमुना फाराम **अनुसूची- ७** बमोजिमको हुनेछ ।

**अनुसूची -१**
**(दफा ३ संग सम्बन्धित)**
**<u>आयोजना वर्गीकरणका आधार</u>**

| सि.नं. | वर्गीकरणको आधार | आयोजनाको वर्गीकरण |
|---|---|---|
| १ | विषय क्षेत्र (Sectoral) | १.१ आर्थिकः अर्थ, उद्योग, वाणिज्य, पर्यटन, श्रम तथा रोजगार, खानी तथा खनिज |
| | | १.२ सामाजिकः शिक्षा, स्वास्थ्य तथा पोषण, महिला वालवालिका तथा समाज कल्याण, भाषा संस्कृति |
| | | १.३ कृषि तथा भूमि व्यवस्थाः कृषि विकास, पशुपन्छी, सहकारी तथा भूमि व्यवस्था |
| | | १.४ पूर्वाधारः सडक तथा अन्य यातायात, सहरी विकास, सिँचाई, सूचना तथा संचार, ऊर्जा र प्रादेशिक पूर्वाधार विकास |
| | | १.५ वन तथा वातावरण : वन, कृषि वन, भू तथा जलाधार संरक्षण, वातावरण, विज्ञान तथा प्रविधि, खानेपानी तथा सरसफाई |
| | | १.६ सुशासन एवम् अन्तर सम्बन्धित अन्य क्षेत्रः माथी उल्लेखित बर्गिकरणमा नपरेका क्षेत्रहरु जस्तै जनसंख्या, वातावरण, गृह, योजना, तथ्यांक, विपद व्यवस्थापन, न्याय, मानव अधिकार आदि |
| २ | विकासको आयाम | २.१ आर्थिक विकास |
| | | २.२ सामाजिक विकास |
| | | २.३ वातावरणीय विकास |
| ३. | प्रत्यक्ष लाभान्वित क्षेत्र | ३.१ एउटा मात्र स्थानीय तह लाभान्वित हुने आयोजना,<br>३.२ जिल्ला भित्रका दूई वा सो भन्दा बढी स्थानीय तहमा लाभान्वित हुने आयोजना,<br>३.३ एउटा मात्र जिल्ला लाभान्वित हुने आयोजना,<br>३.४ प्रदेशका जिल्लाहरु लाभान्वित हुने आयोजना, |
| ४. | खर्चको श्रोत | ४.१ प्रदेश सरकारको मात्र लगानी रहेको आयोजना,<br>४.२ सशर्त अनुदान अन्तर्गत संचालन हुने आयोजना,<br>४.३ समपूरक अनुदान अन्तर्गत संचालन हुने आयोजना,<br>४.४ विशेष अनुदान अन्तर्गत संचालन हुने आयोजना,<br>४.५ वैदेशिक सहायता अन्तर्गत संचालन हुने आयोजना,<br>४.६ साझेदारीमा संचालित हुने आयोजना |

## अनुसूची - २

### (दफा ४ को उपदफा (१) संग सम्बन्धित)

### आयोजनासंग सम्बन्धित विषयगत क्षेत्र

| क्र.सं | प्रमुख क्षेत्रहरु | उपक्षेत्रहरु |
|---|---|---|
| १. | आर्थिक क्षेत्र | १.१ उद्योग, १.२ वाणिज्य, १.३ आपूर्ति, १.४ पर्यटन, १.५ अर्थ र १.६ श्रम |
| २. | कृषि, भूमिसुधार तथा बन क्षेत्र | २.१ कृषि विकास, २.२ पशुपन्छी, २.३ भूमिसुधार तथा व्यवस्था र २.४ वन तथा वातावरण |
| ३. | पूर्वाधार क्षेत्र | ३.१ सडक तथा अन्य यातायात, ३.२ शहरी विकास, ३.३ सिंचाई, ३.४ सूचना तथा संचार, ३.५ विज्ञान तथा प्रविधि, ३.६ ऊर्जा र ३.७ स्थानीय पूर्वाधार विकास |
| ४. | सामाजिक क्षेत्र | ४.१ शिक्षा, ४.२ स्वास्थ्य तथा पोषण, ४.३ महिला बालबालिका तथा समाज कल्याण, ४.४ खानेपानी तथा सरसफाई र ४.५ संस्कृति |
| ५. | सुशासन तथा अन्य क्षेत्र | माथि उल्लेखित वर्गीकरणमा नपरेका अन्य सम्पूर्ण क्षेत्रहरु |

**अनुसूची - ३**

**(दफा ४ को उपदफा (३) र दफा ६ को उपदफा (२) संग सम्बन्धित)**

**<u>आयोजना प्राथमिकीकरणका आधार र सोको मूल्याङ्कन मापदण्ड</u>**

| सि.नं. | प्राथमिकीकरणका आधार | मूल्याङ्कन | | | |
|---|---|---|---|---|---|
| | | अन्तरसम्बन्ध | योगदान | पूर्णाङ्क | प्राप्ताङ्क |
| **(१) सामान्य आधार (८० अंक)** | | समग्र उत्पादन, रोजगारी, आय वृद्धि र गरिवी निवारणमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १२ | |
| १. | तीव्र दीगो र फराकिलो आर्थिक वृद्धिमा पुग्ने योगदान | | सामान्य (सामान्य) | ९ | |
| | | | नगन्य (शून्य) | ० | |
| २. | प्रादेशिक प्राथमिकता वा तुलात्मक लाभको क्षेत्रमा योगदान पुऱ्याउने | प्रादेशिक प्राथमिकताका २ वटा क्षेत्र (.........र....) को उत्पादन वा आय मा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१०** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | ७ | |
| | | | सामान्य (सामान्य) | ४ | |
| | | | नगन्य (शून्य) | ० | |
| **३.** | दीगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने | दिगो विकास लक्ष्य १ (सबै प्रकारका गरिवीको अन्त्य) र लक्ष्य ८ (पूर्ण र उत्पादनमुलक रोजगारी प्राप्ति वा वृद्धि) मा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१०** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | ७ | |
| | | | सामान्य (सामान्य) | ४ | |
| | | | नगन्य (शून्य) | ० | |
| ४. | | समग्र नीति तथा कार्यक्रमको उद्देश्य प्राप्तिमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१०** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | ७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रदेश सरकारको समग्र नीति तथा कार्यक्रममा पुग्ने सहयोग | | सामान्य (सामान्य) | ४ | |
| | | | नगन्य (शून्य) | ० | |
| ५. | सामाजिक समावेशीकरण र लैंगिक मूल प्रवाहीकरणलाई तिब्र बनाउन योगदान पुऱ्याउने | तिब्र बनाउन योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | ७ | |
| | | | सामान्य (सामान्य) | ४ | |
| | | | नगन्य (शून्य) | ० | |
| ६. | पूर्व तयारी पूरा भएका र स्रोतको सुनिश्चितता हुने । | **<u>चालु आयोजनाको लागि</u>**<br>औषत भौतिक तथा वित्तीय प्रगति *८० % वा बढी भएको र आगामी आ.व.मा आयोजना सम्पन्न हुने गरी स्रोत सुनिश्चित रहेको | **<u>औषत भारित तथा वित्तीय प्रगति</u>** | **१५** | |
| | | | ८०% वा बढी (अति उत्तम) \| ६५ - ८० % (उत्तम) \| ५० - ६५% (सामान्य) \| ५०% वा कम (न्युन) | १५ (अति उत्तम)<br>१२ (उत्तम) ९ (सामान्य)<br>०<br>(न्यून) | |
| | | **<u>नयाँ आयोजनाको लागि</u>**<br>आयोजना कार्यान्वयनको पूर्व तयारी पुरा भएको र स्रोत सुनिश्चितता भएको | (अति उत्तम) \| (उत्तम) \| (सामान्य) \| (न्युन) | | |
| ७. | आयोजनाले लाभ पुऱ्याउने भौगोलिक क्षेत्र | एक भन्दा बढी जिल्ला लाभान्वित हुने | अति उत्तम | **१०** | |
| | | कुनै एउटा जिल्ला लाभान्वित हुने | उत्तम | ७ | |
| | | दूई देखि चारवटा सम्म स्थानीय तह लाभान्वित हुने | सामान्य | ४ | |
| | | एउटा मात्र स्थानीय तह लाभान्वित हुने | न्यून | २ | |

* गत आ.व. को दोस्रो चौमासिकसम्म

| सि.नं. | (ख) क्षेत्रगत आधार (२० अंक)<br>आर्थिक क्षेत्र (अर्थ, वन तथा वातावरण उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन र श्रम) | | | | |
|---|---|---|---|---|---|
| | | मूल्याङ्कन | | | |
| | प्राथमिकीकरणका आधार | अन्तरसम्बन्ध | योगदान | पूर्णाङ्क | प्राप्ताङ्क |
| १. | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्यसंगको सम्बन्ध | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुपको नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | ७ | |
| | | | सामान्य (सामान्य) | ४ | |
| | | | नगन्य (शून्य) | ० | |
| २. | **दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान** | दिगो विकास लक्ष्य ९ (समावेशी औधोगिकीकरण प्रवर्द्धन गर्न), लक्ष्य १३ (जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षण), लक्ष्य १५ (दिगो व्यवस्थापन, भूक्षयीकरणको रोकथाम, जैविक विविधताको क्षति रोक्न) र राजस्व वृद्धि र खर्च व्यवस्थापन | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | ७ | |
| | | | सामान्य (सामान्य) | ४ | |
| | | | नगन्य (शून्य) | ० | |
| **कृषि, सहकारी तथा भूमी व्यवस्था (कृषि विकास, पशुपंक्षी, सहकारी तथा भूमि व्यवस्था)** | | | | | |
| १. | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्यसंगको सम्बन्ध | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुपको नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | ७ | |
| | | | सामान्य (सामान्य) | ४ | |
| | | | नगन्य (शून्य) | ० | |
| २. | | | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान** | दिगो विकास लक्ष्य २ (समावेशी औधोगिकीकरण प्रवर्द्धन गर्ने) र लक्ष्य १५ (दिगो व्यवस्थापन, भूक्षयीकरणको रोकथाम, जैविक विविधताको क्षति रोक्न) | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | ७ | |
| | | | सामान्य (सामान्य) | ४ | |
| | | | नगन्य (शून्य) | ० | |
| **सामाजिक क्षेत्र (शिक्षा, विज्ञान, तथा प्रविधि, स्वास्थ्य तथा पोषण, महिला बालबालिका तथा समाज कल्याण, खानेपानी तथा सरसफाई, संस्कृति)** | | | | | |
| १. | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्यसंगको सम्बन्ध | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुपको नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | ७ | |
| | | | सामान्य (सामान्य) | ४ | |
| | | | नगन्य (शून्य) | ० | |
| २. | **दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान** | दिगो विकास लक्ष्य ३ (स्वस्थ्य जीवन प्राप्तिका लागि बाल मृत्युदर न्यूनीकरण गर्ने), लक्ष्य ४ (सबैको लागि समावेशी र गुणस्तरीय शिक्षा प्राप्ति गर्ने), लक्ष्य ५ (लैंगिक समानता र महिला तथा किशोरीहरुको सशक्तीकरणमा योगदान पुऱ्याउने), लक्ष्य ६ ( खानेपानी र सरसफाई सेवाको उपलब्धताको दिगो सुनिश्चितता गर्ने), मातृ मृत्युदर न्यूनीकरण गर्ने योगदान पुऱ्याउने र संस्कृति प्रवर्द्धन गर्ने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | ७ | |
| | | | सामान्य (सामान्य) | ४ | |
| | | | नगन्य (शून्य) | ० | |
| **पूर्वाधार क्षेत्र (ऊर्जा, सिंचाई, सडक तथा यातायात, सहरी विकास, सूचना तथा संचार तथा प्रादेशिक पूर्वाधार विकास)** | | | | | |
| १. | | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुपको नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | ७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्यसंगको सम्बन्ध | | सामान्य (सामान्य) | ४ | |
| | | | नगन्य (शून्य) | ० | |
| २. | **दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान** | दिगो विकास लक्ष्य ७ (आधुनिक उर्जा सुनिश्चित गर्न), लक्ष्य ९ (यातायात विकास गर्न वा नवीन खोज गर्न र प्रविधि प्राप्ति गर्न), लक्ष्य ११ (सुरक्षित, सवल, समावेशी र दिगो सहर विकास गर्न) | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | ७ | |
| | | | सामान्य (सामान्य) | ४ | |
| | | | नगन्य (शून्य) | ० | |
| **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र (जनसंख्या, विपद् व्यवस्थापन, आन्तरिक मामिला तथा न्याय, शान्ति, योजना तथा तथ्यांक)** | | | | | |
| १. | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्यसंगको सम्बन्ध | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुपको नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | ७ | |
| | | | सामान्य (सामान्य) | ४ | |
| | | | नगन्य (शून्य) | ० | |
| २. | **दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान** | दिगो विकास लक्ष्य १० (असमानता हटाउने, लक्ष्य १३ (जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षण गर्न) लक्ष्य १६ (शान्ति सुरक्षा अभिवृद्धि गर्न), सुशासन अभिवृद्धि गर्न, न्यायमा सबैलाई पहुंच बढाउन, जनसंख्या व्यवस्थापन गर्न, विपद व्यवस्थापन गर्न, र योजना तथा तथ्यांक प्रणालीमा सुधार र सुदृढिकरण गर्न | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | ७ | |
| | | | सामान्य (सामान्य) | ४ | |
| | | | नगन्य (शून्य) | ० | |
| **आयोजनाले प्राप्त गरेको कुल प्राप्तांक = (क) ८० + (ख) २०=१००** | | | | | |

## अनुसूची -४

### (दफा ४ को उपदफा (४) संग सम्बन्धित)

### आयोजनाको प्राथमिकीकरणका आधार

- विकास आयोजनालाई प्रथिमिकिकरण गर्नको लागि ७ वटा सामान्य आधारलाई कुल ८० अंक राखिएको छ ।
- विकास आयोजना प्राथमिकीकरण गर्नको लागि २ वटा क्षेत्रगत आधारलाई कूल २० अंक राखिएको छ ।क्षेत्रगत आधरलाई आर्थिक क्षेत्र, कृषि, सहकारी तथा भूमि व्यवस्था क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र गरी विभाजन गरिएको छ। सोको अंक गणना गर्दा आयोजनाको प्रकृती अनुसार एउटा निकायले कुनै एक क्षेत्रको मात्र अंक गणना गर्नु पर्नेछ।

| क्र.सं | आधार | अंक |
|---|---|---|
| १. | सामान्य आधार | ८० |
| २. | क्षेत्रगत आधार | २० |

- कार्यक्रमलाई प्रथम प्राथमिकता प्राप्त (Priority 1 - P1) र द्वितीय प्राथमिकता प्राप्त (Priority 2 - P2) गरी २ वटा प्राथमिकताक्रममा वर्गीकरण गरिएको छः
- साधारण बजेटलाई ५ आधारमा P1 र P2 गरी २ वटा प्राथमिकीकरणमा वर्गीकरण गरिएको छ ।

**आयोजनाको प्राथमिकीकरण**

| क्र.स. | कूल प्राप्तांक | प्राथमिकता क्रम |
|---|---|---|
| १. | ७५ वा सो भन्दा बढी अंक भएमा | पहिलो (P1) |
| २. | ७५ भन्दा कम अंक भएमा | दोस्रो (P2) |

**नोटः** माथि उल्लेख गरिएको आधार बमोजिम वर्गीकरण गर्दा कुनै क्षेत्रमा दुई तिहाई भन्दा बढी कार्यक्रम/आयोजना P1 अन्तर्गत परेमा P1 हुनको लागि आवश्यक न्यूनतम अंक परिमार्जन गरी प्राथमिकीकरण वा स्तरीकरण (Ranking) गरिनेछ ।

# अनुसूची - ५
## (दफा ६ को उपदफा (१२) संग सम्बन्धित)
## वार्षिक कार्यक्रम

१. आ.व.
२. बजेट उपशीर्षक नं.
३. मन्त्रालयः
४. विभाग/संस्थाः
५. कार्यक्रम/आयोजनाको नामः
६. स्थानः (क) जिल्लाः
(ख) गा.पा./न.पा./वडा नं.:
७. आयोजना सुरु भएको मितिः
८. आयोजना पूरा हुने मितिः
९. आयोजना/कार्यालय प्रमुखको नामः

१०. वार्षिक बजेट रु.
(क) आन्तरिक (१)संघ अनुदानः
(२) प्रदेश सरकारः
(३) संस्थाः
(४) जनसहभागिताः
(ख) वैदेशिक (१) ऋणः
(२) अनुदानः
(ग) दातृ संख्याः

११. आयोजनाको कुल लागतः सुरुको संशोधित
(क) आन्तरिक (१) संघ अनुदान :
(२) प्रदेश सरकारः
(३) संस्थाः
(४) जनसहभागितः
(ख) वैदेशिक (१) ऋणः
(२) अनुदानः

१२. गत आ.व. सम्मका खर्च रु. (सोझै भुक्तानी र वस्तुगत समेत)
(क) आन्तरिक (१) संघ अनुदानः
(२) प्रदेश सरकारः
(३) संस्खाः
(ख) वैदेशिक (१) ऋणः
(२) अनुदानः

(रकम रु हजारमा)

| क.सं. | कार्यक्रम/ क्रियाकलाप | एकाई | आयोजनाको कुल कियाकलापको | | | सम्पूर्ण कार्यमध्ये गत आ.व. सम्मको | | वार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | लागत | भार | सम्पन्न परिमाण | भारित प्रगति | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | बजेट | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| | | | | | | | | | | | | | | | | | | | | |
| (क) | जम्मा | | | | | | | | | | | | | | | | | | | |
| (ख) | प्रशासनिक खर्च | | | | | | | | | | | | | | | | | | | |
| (ग) | कुल जम्मा | | | | | | | | | | | | | | | | | | | |

आयोजना/ कार्यालय प्रमुखः
मितिः

विभागीय/ संस्था प्रमुखः
मितिः

प्रमाणित गर्नेः
मितिः

**फाराम भर्ने निर्देशिकाः**

विकास आयोजनाहरू को प्रत्येक आर्थिक वर्ष गरिने वार्षिक कार्यक्रम यस फाराम को ढाँचामा तयार गर्नुपर्दछ र स्वीकृत गर्ने निकायबाट स्वीकृत भएको हुनु पर्दछ। यो फाराम अख्तियारी पठाउँदा एक प्रति संलग्न राखी पठाउनु पर्दछ। फाराम भर्ने निर्देशिका यस प्रकार छः-

| | |
|---|---|
| महल नं. १ क्रम संख्याः | आयोजनाको सम्पूर्ण कार्यहरूको क्रम संख्या लेख्ने। |
| महल नं. २ कार्यक्रम/क्रियाकलापहरूः | आयोजनाको निर्धारित उद्देश्य हासिल गर्न गरिने भौतिक कार्यहरू र त्यस अन्तरगतका क्रियाकलापहरू नाप्न सकिने इकाईहरू मा विभाजन गरी उल्लेख गर्नुपर्दछ। |
| महल नं. ३ एकाईः | महल नं. २ मा उल्लिखित क्रियाकलापको परिमाण, संख्या आदि जनाउने जस्तैः गोटा, घनमिटर, किलो मिटर, जना, प्रतिशत आदि उल्लेख गर्ने। |

**आयोजनाको कुल क्रियाकलापको अन्तरगत तीन महलहरू छन्ः**

| | |
|---|---|
| महलनं. ४ परिमाणः | सम्पूर्ण आयोजना, अवधि भर मा सम्पन्न गर्नुपर्ने प्रत्येक क्रियाकलाप) महल नं. २ मा उल्लिखित क्रियाकलाप) को कुल भौतिक परिमाण र संख्या आदि उल्लेख गर्ने। |
| महल नं. ५ लागतः | महल नं. २ मा उल्लिखित क्रियाकलाप पूरा गर्न एप्रेजल अनुसार लाग्ने रकम उल्लेख गर्ने। |
| महल नं. ६ भारः | प्रत्येक क्रियाकलापको भार निर्धारण गर्दा सम्बन्धित क्रियाकलापहरूको महल नं. ५ मा छुट्याइएको लागतलाई १०० ले गुणन गरी सोही मललको हरफ (क) को जम्मा रकमले भाग गरी आउने अंशलाई लेख्ने। |

**सम्पूर्ण कार्य मध्ये गत आ.व. सम्मको अन्तरगत दुई महलहरू छन्ः**

| | |
|---|---|
| महल नं. ७ सम्पन्न परिमाणः | आयोजना शुरु भए देखि यो कार्यक्रम कार्यान्वयन गरिने वर्ष भन्दा अघिल्लो वर्ष (गत आ.व.) सम्म सम्पन्न गरी सके को सम्बन्धित क्रियाकलापहरूको परिमाण संख्या आदि उल्लेख गर्ने। |
| महल नं. ८ भारित प्रगतिः | गत आ.व. सम्म सम्पन्न भई सकेका सम्बन्धित क्रियाकलापहरूको प्रगति आयोजना अवधि भरका लागि निर्धारित भारको आधारमा प्रतिशत उल्लेख गर्ने। भारित प्रगति निकाल्दा त्यस अवधि सम्मको प्रगति र कुल क्रियाकलापको अनुपातलाई त्यस क्रियाकलापको निर्धारित भारले गुणन गर्नुपर्दछ। उदाहरणको लागि कालो पत्रे सडक निर्माणको कुल क्रियाकलाप (१००%) मध्ये गत आ.व. सम्मको प्रगति ५० प्रतिशत भयो र कालो पत्रे सडकको भार ६०% छ भने गत आ.व. सम्मको भारित प्रगतिः $\frac{\text{प्रगति} \times \text{भार}}{\text{लक्ष्य}}$ ५०×६०/१००प्रतिशत हुन्छ। |

**वार्षिक लक्ष्य अन्तरगत तीन महलहरू छन्ः**

| | |
|---|---|
| महल नं. ९ सूचकः | महल नं. २ मा उल्लिखित क्रियाकलापको स्वीकृत वार्षिक कार्यक्रम अनुसारका सूचक (संख्या, परिमाण आदि) उल्लेख गर्ने। |
| महल नं. १० भारः | प्रत्येक क्रियाकलापको भार निर्धारण गर्दा सम्बन्धित क्रियाकलापको महलनं. ११ मा छुट्याइएको बजेटलाई १०० ले गुणन गरी सोहि महलको हरफ (क) को जम्मा रकमले भाग गरी आउने अंशलाई राख्ने। उदाहरणको लागि सिंचाई |

आयोजनाको कुल बजेट रु. ५५ लाख छ र सो बजेट मध्ये हेडवर्क्स निर्माणको लागि रु. ३० लाख, नहर निर्माणको लागि रु. १० लाख, पाईप कल्भर्टको लागि रु. १० लाख र प्रशासनिक खर्च रु ५ लाख छ भने यी क्रियाकलापहरूको भार क्रमशः यस प्रकार निकाल्नु पर्दछः

कुल बजेट रु. ५५ लाख मध्ये प्रशासनिक खर्च रु. ५ लाख भएकोले प्रशासनिक खर्च कटाई बाँकी हुन आउने आयोजनाको कुल रकम रु. ५० लाख भयो।

अतः

हेड वर्क्स निर्माणको भारः $\frac{३०x१००}{५०}$ =६०

नहर निर्माणको भारः $\frac{१०x१००}{५०}$ =२०

पाईप कल्भर्टको भारः $\frac{१०x१००}{५०}$ =२०

प्रशासनिक खर्चको भार हुँदैन र कुल भार १०० हुनुपर्दछ।

महलनं. ११ बजेटः स्वीकृत वार्षिक कार्यक्रम अनुसारका प्रत्येक कार्यक्रम वा क्रियाकलापहरू पूरा गर्न छुट्याइएको रकम लेख्ने।

**<u>चौमासिक विभाजनहरूः-</u>**

प्रथम चौमासिक सम्मको लक्ष्य महलमा भर्नुपर्दा वार्षिक लक्ष्यलाई मध्य नजर राखी प्रथम, द्वितीय र तृतीय चौमासिक अवधिमा विभाजन गर्नुपर्दछ। सूचकमा उल्लेख भएको परिमाणलाई कार्य योजना बनाई कुन चौमासिक अवधिमा के कति परिमाण सम्पन्न गर्न सकिने होसोको आधारमा विभाजन गरी देहायबमोजिम राख्नुपर्दछः

महल नं. १२, १५ र १८ सूचकः महल नं. २ मा उल्लिखित क्रियाकलापको महल नं. ९ मा उल्लिखित सूचक लाई तीन चौमासिक मा विभाजन गर्नुपर्दछ। उदाहरणको लागि हेडवर्क्स निर्माण कार्यको वार्षिक सूचक १५० मिटर भए यही १५० मिटरलाई तीन चौमासिक मा बराबर वा कार्ययोजना अनुसार घटीबढी गरी विभाजन गर्न सकिन्छ।

महल नं. १३, १६ र १९ भारः महल नं. १० मा उल्लिखित वार्षिक भारलाई सूचक को परिमाणको अनुपातमा चौमासिक भार विभाजन गर्नुपर्दछ। उदाहरणको लागि हेडवर्क्स निर्माण कार्यको वार्षिक भार ६० भएको मा सूचकको चौमासिक विभाजन बराबर भएको अवस्था मा प्रत्येक चौमासिक भारको विभाजन २०/२० हुन्छ। सूचक १५० मिटरको चौमासिक विभाजन क्रमशः ०, ५० र १०० भए चौमासिक भारको विभाजन पनि क्रमशः ०, २० र ४० हुन्छ।

महल नं. १४, १७ र २० बजेटः स्वीकृत वार्षिक कार्यक्रम अनुसारका प्रत्येक कार्यक्रम वा क्रियाकलापहरू पूरा गर्न छुट्याइएको वार्षिक रकमलाई महल नं. ९ मा उल्लिखित वार्षिक सूचकको परिमाणको अनुपातमा चौमासिक बजेट विभाजन गर्नुपर्दछ। उदाहरणको लागि हेडवर्क्स निर्माण कार्यको वार्षिक सूचक १५० मिटर र यस क्रियाकलापको कुल बजेट रु. ३० लाख भएकोमा सूचकको चौमासिक विभाजनको अनुपातमा बजेटको चौमासिक बाँडफाँड गर्नुपर्दछ। क्रियाकलापको सूचक प्रत्येक चौमासिक मा बराबर

| | |
|---|---|
| | भएको अवस्थामा बजेटको विभाजन रु.  १०/१० लाख हुन्छ। सूचक १५० मिटरको चौमासिक विभाजन क्रमशः ०, ५० र १०० भए चौमासिक बजेटको विभाजन पनि क्रमशः रु. ०, १० र २० लाख हुन्छ। |

**<u>हरफ तर्फ</u>**

हरफ तर्फ सबै कार्यक्रम/क्रियाकलापहरू उल्लेख गरिसके पछि जोड जम्मा गर्नुपर्दछ।

| | |
|---|---|
| हरफ (क) जम्माः | (१) महल नं. ३,४,९,१२,१५,१८ मा उल्लिखित क्रियाकलापहरूको इकाई र सूचकहरूको जम्मा गर्नु नपर्ने, |
| | (२) महल नं. ५,६,८,१०,११, १३,१४ ,१६,१७, १९,२० मा उल्लिखित क्रियाकलापहरू को लागत, भार, बजेट र खर्च रकम हरूको ठाडो जोड गरी हुन आउने रकम लेख्ने, |
| हरफ (ख) प्रशासनिक खर्चः | (१) महलनं. ३,४,७,९,१०,१२,१३,१५,१६ मा भर्नु नपर्ने, |
| | (२) महलनं. ५ र ११ मा प्रशासनिक खर्चको लागि छुट्याइएको रकम उल्लेख गर्ने, |
| | (३) महल नं. १४, १७ र २० मा महल नं. ११ मा प्रशासनिक खर्चको छुट्याइएको वार्षिक र कमको चौमासिक बाँडफाँड र कम उल्लेख गर्ने, |
| हरफ (ग) कुल जम्माः | (१) हरफ (क) र (ख) मा भएको अंक जोडेर लेख्ने। |

## अनुसूची - ६
## (दफा ६ को उपदफा (१३) संग सम्बन्धित)
## आयोजना स्वीकृति आधार र तरिका

१. आयोजना स्वीकृतिको आधार

अधिकार प्राप्त अधिकारीले निम्न सूचना एवं जानकारीको आधारमा मात्र आयोजना वा कार्यक्रम स्वीकृत गर्नुपर्नेछ।

१.१ आयोजनाको रूप रेखा

१.१.१ आयोजनाको उद्देश्य

१.१.२ आयोजनाको क्षेत्र

१.१.३ आयोजनाको कार्यान्वयन अवधि

१.२ आयोजनाको कुल लागत अनुमान रु.

१.२.१ विकास तथा निर्माण लागत

१.२.२ सञ्चालन लागत

१.२.३ अन्य (अनुदान दिनुपर्ने भए सो खुलाउने)

१.३ लागत व्यहोरिने स्रोत

१.३.१ संघ अनुदान

१.३.२ प्रदेश सरकार

१.३.३ बाह्य सहयोग

क) ऋणः

ख) अनुदानः

१.४ आयोजनाबाट प्राप्त हुने प्रतिफल

१.४.१ उत्पादन वृद्धिमा पुग्ने सहयोग वा योगदान

१.४.२ रोजगारीमा हुने वृद्धि

१.४.३ आयोजनाको आन्तरिक प्रतिफल

१.४.४ अन्य आर्थिक सामाजिक प्रतिफल

क) आर्थिकः

ख) सामाजिकः

१.५ आयोजनाको आर्थिक विश्लेषण

१.५.१ लागत लाभको अनुमानित अनुपात

१.५.२ लागत प्रभावकारीताको अनुमान

१.६ आयोजना कार्यान्वयन र खर्च तालिका

| वर्ष | प्रमुख कार्य र परिमाण | | | लागत अनुमान | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रमुख कार्य | इकाई | परिमाण | विकास निर्माण | सञ्चालन | अन्य | जम्मा |
| | | | | | | | |

१.७ आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने जनबल र प्रमुख निर्माण सामग्री

१.७.१ आवश्यक पर्ने जनबल

| वर्ष | संख्या |
|---|---|
| | |

` १.७.२ निर्माण सामग्री

| वर्ष | निर्माण सामग्री विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| | | | |

१.८ आयोजना सञ्चालन प्रस्तावः

आयोजना चरणको कार्य सम्पन्न भइसकेपछि सञ्चालन अवस्थामा कसरी त्यसको सञ्चाल नगरिने हो, सञ्चालन खर्च कति लाग्न सक्दछ र कति आय आर्जन गर्न सकिन्छ वा उपभोक्तालाई हस्तान्तरण कहिले गर्ने सो खुलाउनु पर्दछ।

१.८.१ सञ्चालन प्रबन्ध

१.८.२ खर्च अनुमानः- कम्तीमा तीन वर्षको लागि

१.८.३ उपभोक्तालाई हस्तान्तरण गरिने योजना भए प्रदेश सरकारको सहयोग आवश्यक पर्ने वा नपर्नेः

१.८.४ सम्भावित आय आर्जन कम्तीमा तीन वर्षको

२. <u>आयोजनाको स्वीकृत दिने प्रक्रिया र अधिकारीः</u>

(१) प्रस्तावित आयोजना राष्ट्रिय एवम् प्रादेशिक विकासको उद्देश्य, क्षेत्रगत (Sector) कार्यनीति अनुकुल छ छैन एवं स्वीकृत आवधिक योजनामा समावेश भएको हो होइन भन्ने सम्बन्धमा मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको परामर्श लिनुपर्नेछ।

(२) आयोजनाको कामको लागि प्रस्ताव गरिएको खर्चका आधारहरू प्रचलित मूल्य, लाभ, लागत खर्चको आधारमा मनासिब छ भनी आयोजना प्रमुख वा प्रतिवेदन प्रस्तुत गर्ने विभागीय प्रमुखले सिफारिस गरेको हुनुपर्नेछ।

(३) आर्थिक मामिला तथा योजना मन्त्रालयको परामर्शलाई ध्यानमा राखी सम्बन्धित मन्त्रालयले निम्न बमोजिम आयोजनाको स्वीकृति एवं कार्यान्वयन गर्नेछ।

(क) स्वीकृत आवधिक योजनामा समावेश भएको एवं त्यसमा उल्लेख भए बमोजिम नै प्रस्तावित आयोजनाको लाभ एवं खर्च हुने देखिएको र आर्थिक मामिला तथा योजना मन्त्रालयको पनि अनुकुल राय भएको मा सम्बन्धित मन्त्रालयले स्वीकृति दिने।

(ख) स्वीकृत राष्ट्रिय आवधिक योजनामा समावेश नभएको वा सो योजनामा छुट्याइएको भन्दा बढी आर्थिक दायित्व पर्ने गरी आयोजना कार्यान्वयन गर्नु पर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको रायलिनु पर्नेछ।

(ग) आर्थिक मामिला तथा योजना मन्त्रालयको राय अनुकुल नभएमा सो रायहरू उल्लेख गरी सम्बन्धित मन्त्रालयले प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्नुपर्नेछ। सो सम्बन्धमा भएको निर्णयानुसार हुनेछ।

(४) आयोजना प्रस्ताव पेश गर्दा सो आयोजना सम्पन्न भएपछि सो आयोजना सुचारु एवं दिगो रुपमा सञ्चालन गर्ने आयोजना सञ्चालन योजना प्रस्ताव (Project Operation Plan) पनि आयोजना प्रतिवेदन प्रस्तुत गर्ने विभागीय प्रमुखले सिफारिस साथ पेश गरेको हुनुपर्नेछ।

(५) माथि उल्लिखित आधारहरूको अतिरिक्त आयोजना/कार्यालयलाई अनुशासनशील एवं सुदृढ गराउने प्रयोजनका लागि आवश्यक प्रक्रियाहरू प्रदेश सरकारले समय समयमा स्पष्ट गरिदिन सक्नेछ।

## अनुसूची-७

(दफा ९ को उपदफा (४) संग सम्बन्धित)

## प्राथमिकीकरण गर्ने सम्बन्धमा अंक गणनाको नमुना फाराम

**मन्त्रालयको नामः :भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

| क.सं | आयोजना तथा कार्यक्रमको नाम | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तीव्र आर्थिक वृद्धिमा पुग्ने योगदान | प्रादेशिक प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुऱ्याउने | दिगो विकासका लक्ष्यहरु प्रासिमा योगदान पुऱ्याउने | प्रदेश सरकारको समग्र नीति कार्यक्रममा पुग्ने सहयोग | सामाजिक समावेशीकरण र लैंगिक मुलप्रवाहीकरणलाई तिब्र बनाउन योगदान पुऱ्याउने | पूर्व तयारी पूरा भएका र स्रोतको सुनिश्चितता भएका | आयोजनाले लाभ पूर्याउने भौगोलिक क्षेत्र | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्यसंगको सम्बन्ध | दिगो विकासको क्षेत्रगत लक्ष्य प्रासिमा योगदान | कूल प्रासांक | प्राथमिकता क्रम |
| | **पूर्णाङ्क ***| १५ | १० | १० | १० | १० | १५ | १० | १० | १० | | |
| १ | भूमि विकास कार्यक्रम | १५ | १० | ७ | १० | ४ | ९ | १० | १० | १० | ८५.०० | P1 |
| २ | मठ मन्दिर व्यवस्थापन कार्यक्रम | ९ | ० | ० | १० | ४ | ९ | ४ | ४ | ४ | ४४.०० | P2 |